लक्ष्मीपुर पतारी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
लक्ष्मीपुर पतारी, सिरहा
२ नं. प्रदेश, नेपाल

फोन नं. ९८५२८३२६१५, ईमेल: laxmipurpatari@gmail.com

प. सं. : २०७४/७५

चलानी नं. : ३१४

मिति : २०७५।०१।१४

## बिषय : मोटरसाईकल खरिद गर्ने प्रस्ताब माग गरिएको सुचना ।

[प्रथम पटक प्रकाशित मिति : २०७५।०१।१४]

यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०७४।७५ को गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिमको मोटरसाईकल खरिद गर्नुपर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क.८) तथा सार्वजनिक खरिद नियमावली २०६४ चौथो संशोधन २०७३ को नियम (३१ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरुबीच मात्र प्रतिस्प्रधा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आफ्नो फर्म दर्ता, मुल्य अभिबृद्धि कर दर्ता, अधिकारिक विक्रेता प्रमाण पत्र (Letter of Authorization) र आर्थिक वर्ष २०७३।७४ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु समाबेस गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१ख) को उपनियम २ अनुसार देहाज बमोजिमको मोटरसाईकल उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, कम्पनीको आधिकारिक मूल्य र सुविधा खुल्ने कागजात क्याटलग वा ब्रोसर संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिउसो १२:०० भित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताब दर्ता गर्नु हुन र दर्ता हुन आएका प्रस्ताबहरु सोही दिनको २:०० वजे खोलिने र सोही सूचिका आधारमा कार्यविधिको दफा १४ बमोजिम पुन आर्थिक प्रस्ताब माग गरिने भएकोले सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना यस कार्यालयको website : www.laxmipurpatarimun.gov.np मा र सुचना पाटिमा समेत प्रकाशित गरिएको छ ।

तपसिल

१. सिलबन्दी प्रस्ताब सम्बन्धी कागजात यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
२. यस कार्यालयमा सुचिकृत नभएका उत्पादक वा अधिकृत विक्रेताहरुले निम्न कागजात पेश गरि सुचिकृत गराई उल्लेखित प्रस्ताब पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।
३. थप जानकारीको लागि कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

**सबारी साधनको विवरण**

| ठे. नं. | सवारी साधन | संख्या | कैफियत |
|---|---|---|---|
| Cat-1/074-75 | मोटरसाईकल | ५ थान | |
| Cat-2/074-75 | स्कुटर | १ थान | |